# दोस्रो भाषाका रूपमा नेपाली शिक्षण

**दावा शेर्पा**
उपप्राध्यापक, नेपाली शिक्षा
महेन्द्ररत्न क्याम्पस, ताहाचल

**सार**

*मातृभाषापछि बालकले सिकेको जुनसुकै भाषा भएता पनि त्यो दोस्रो भाषा हो। पहिलो भाषा स्वतः प्राप्त हुन्छ भने दोस्रो भाषा सिकिन्छ। नेपालमा दोस्रो भाषाका रूपमा नेपाली मातृभाषी बाहेकका अन्य सम्पूर्ण १२२ भाषाभाषी बालकहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्नुपर्ने अवस्था रहेको छ। नेपाली भाषा सरकारी कामकाजको भाषा र शिक्षाको माध्यम भाषा भएकोले यो सबै नेपालीले अनिवार्य रूपमा सिक्नु पर्दछ। दोस्रो भाषा शिक्षणमा नेपाली शुद्धसँग लेख्न र बोल्नका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइमा सक्षम बनाउनु हो। दोस्रो भाषा शिक्षण त्रुटिरहति र स्तरीय नेपाली भाषाका दृष्टिले हुने उच्चारण, वाक्यगठन, शब्दभण्डार, लिखित रचना र वर्णविन्यास आदिमा हुने विभिन्न त्रुटिहरू पहिचान गरी शिक्षार्थीमा भएको पहिलो मातृभाषाको प्रभाव र बानीले गर्दा दोस्रो भाषामा हुने त्रुटि हटाउन शिक्षकले पहल गर्नुपर्छ। दोस्रो भाषा शिक्षणमा निम्नानुसारका शिक्षण विधिहरू अपनाई नेपाली भाषा शिक्षण गर्न सकिन्छ। जसमा साहित्यिक पाठ्यक्रम विधि, व्याकरण अनुवाद विधि, श्रवणभाषा शिक्षण विधि, पत्यक्ष विधि, भाषाशास्त्रीय विधि, भाषिक अनुभव पद्धति र वैयक्तिक प्रशिक्षण पद्धतिका आधारमा दोस्रो भाषा शिक्षण गरी पहिलो मातृभाषामा दक्षता बनाउन नेपाली भाषा शिक्षण गर्नु नै दोस्रो भाषा शिक्षण हो।*

**विशेष शब्दावली :** भाषा प्राप्ति, भाषा सिकाइ, मातृभाषा, दोस्रो भाषा, श्रवणभाषा, सामर्थ्य र सम्पादन

## विषयप्रवेश

नेपाल विभिन्न भाषाभाषीको देश हो। नेपालका विभिन्न भाषाभाषीहरूका लागि नेपाली सिक्नु दोस्रो भाषा सिकाइ हो। नेपालमा ४४.४ प्रतिशतभन्दा बाहेक नेपाली अन्य विभिन्न मातृभाषाहरू बोल्ने जनसङ्ख्या भएको हाम्रो देश नेपालको सम्पर्क भाषा नेपालीको ठूलो महत्त्व छ (राष्ट्रिय जनगणना (२०६८)। नेपाल बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक देश हो। यहाँ विभिन्न भाषा भाषीका वक्ताहरू एक आपसमा भातृत्वको रूपमा बसेको पाइन्छ। नेपालमा नेपाली मातृभाषी बाहेक अन्य विभिन्न जातिका प्रत्येक व्यक्तिका आ–आफ्नै मातृभाषा रहेको छ। बालकले पहिलो भाषा घर परिवारबाट सिक्दछ। पहिलो भाषा प्राप्ति हुन्छ। यो नै उसको पहिलो भाषा हो। यो उसको मातृभाषा हो (बन्धु,२०७३ : ३००)। हामी मानव जातिले बाल्यकालमा आफ्नी आमाको काखमा सिकेको भाषा पहिलो हो। नेपालमा जन्मिने वा बस्ने विभिन्न जातिका बालबालिकाहरूले पहिलो भाषाका रूपमा १२३ वटा भाषामध्ये कुनै एक मातृभाषा बोल्ने गरेको पाइन्छ (राष्ट्रिय जनगणना, २०६८ : १६४–१६७)।

यसमा राई, लिम्बू, गुरुङ, तामाङ, शेर्पा, मैथली, भोजपुरी आदि मातृभाषीले दोस्रो भाषाका रूपमा नेपाली सिक्नुपर्दछ। पहिलो मातृभाषा मानव जातिले सहज र स्वतः स्फूर्त रूपमा आफ्नो सेरोफेरोको वातावरणबाट प्राप्त गर्दछ। भाषा प्राप्ति गर्ने सामर्थ्य मानव जातिमा मात्र पाइन्छ (चम्स्की, सन् १९६५ : ४)। मानव जातिमा मात्र दुई वा दुईभन्दा बढी भाषा सिक्न सक्ने अन्तरनिहित क्षमता रहेको हुन्छ। मानव मात्रले भाषा प्राप्ति र सम्पादन गर्न सक्ने क्षमता राख्दछ। पहिलो भाषापछि सिकेको जुनसुकै भाषा भएता पनि त्यो उसको दोस्रो भाषा हुन जान्छ। नेपाली मातृभाषी बाहेक अधिकांश जातिका बालकहरूले नेपालीलाई दोस्रो भाषाका रूपमा सिक्नु पर्ने हुन्छ। उनीहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा विद्यालयतहदेखि विश्वविद्यालयसम्म अध्ययन अध्यापन गर्नु पर्ने हुन्छ। नेपाली भाषा नेपालको शिक्षा, सञ्चार, प्रशासन सरकारी कामकाजको माध्यमका रूपमा प्रयोग हुने भाषा हो भने यो व्यापक सामाजिक सम्पर्कको भाषा पनि हो। त्यसैले गर्दा दोस्रो भाषाका रूपमा नेपाली मातृभाषी बाहेक सबै मातृभाषीले अनिवार्य सिक्नुपर्ने हुन्छ। नेपाली भाषा प्रयोग गर्नेहरू मातृभाषाको अन्तरण र व्याघातका कारणले दोस्रो भाषा सिक्दा दोस्रो भाषाका व्याकरणका नियमहरूको अति सामान्यीकरण वा सरलीकरण गरी त्रुटि गरिरहेको हुन्छ। यस त्रुटिलाई कम गर्न र मातृभाषा परेको बानीमा सुधार ल्याई नेपाली भाषा शिक्षणमा अभिप्रेरित गर्नुपर्दछ। यो सरकारी कामकाजको भाषा र शिक्षाको माध्यमको भाषा भएकोले नेपाली दोस्रो भाषाका रूपमा अनिवार्य सिक्नुपर्दछ। यही दोस्रो भाषाले गर्दा नै नेपालका विभिन्न जातजातिलाई नेपाली भाषाले एक आपसमा जोड्न सम्पर्क सेतुको रूपमा काम गरेको पाइन्छ। यही भएर प्रत्येक बिमातृभाषी नेपालीले दोस्रो भाषाका रूपमा नेपाली शिक्षण सिकाइ समस्या र समस्याको समाधानमा यो लेख केन्द्रित गरिएको छ।

## समस्याकथन

प्रस्तुत लेखमा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्दा देखिने समस्या र त्यसको समाधानका लागि कक्षाकोठामा शिक्षार्थीसँग शिक्षकले खेल्नु पर्ने भूमिका नै यसको प्राज्ञिक समस्याकथन रहेको छ।

## उद्देश्य

प्रस्तुत लेखमा दोस्रो भाषी शिक्षार्थीसँग शिक्षकले कक्षाकोठामा दोस्रो भाषाको रूपमा नेपाली शिक्षण गर्दा अपनाउनु पर्ने शिक्षण क्रियाकलापमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ शिक्षणमा अपनाइने विधि नै यस लेखको प्राज्ञिक उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत लेख द्वितीय स्रोतलाई आधार मानी गुणात्मक विधिमा आधारित रहेर गरिएको छ। यसमा विभिन्न समयमा प्रकाशित विद्वान्हरूका दोस्रो भाषा सम्बन्धी सैद्धान्तिक लेख तथा अनुसन्धानलाई आधार मानी प्रस्तुत लेख तयार गरिएको छ। दोस्रो भाषा शिषणमा शिक्षकले शिक्षार्थीहरूलाई बोलाइ अभ्यासमा सबभन्दा बढी जोड दिनुपर्छ किनभने यसमा पहिलो भाषाको ध्वनितत्त्वको प्रभाव पर्न सक्छ। यसका प्रभाव कम गर्नका लागि कक्षामा बहुभाषिक विद्यार्थीहरू बीच बढीभन्दा बढी बोलाइ अभ्यास गराउन सक्ने भाषिक विज्ञता भएको शिक्षकको छनोट गर्नुपर्दछ। दोस्रो भाषा शिक्षणमा शिक्षक र विद्यार्थी बीच बढीभन्दा बढी दोस्रो भाषामा छलफल र संवाद गर्न प्रेरित गर्नुपर्दछ। यसमा विद्यार्थी केन्द्रित शिक्षण गर्न ध्यान दिनुर्पछ (चौंद्रोन, २००९ : ११९)। दोस्रो भाषी शिक्षार्थीहरूका लागि विभिन्न शीर्षक छनोट गर्न लगाई त्यस विषयमा संवाद गर्न लगाई त्रुटि वा कमजोरी भएको ठाउँमा शुद्धीकरण गरी आवश्यकता अनुसार भाषिक सम्पादन गरी विद्यार्थीमाझभाषा सम्प्रेषण गर्न लगाउँन सकिन्छ। दोस्रो भाषा शिक्षण कक्षामा भएका विद्यार्थीहरू बीच दोस्रो भाषामा संवाद वा वादविवाद प्रतियोगिता गर्न प्रोत्साहन गरी हौसला प्रदान गर्न सकिन्छ। सुनाइ बालबालिकामा

पहिलो भाषामा विकसित भए तापनि दोस्रो भाषा शिक्षणमा सुनाइ अभ्यासमा बढी नै अभ्यास गराउनु पर्दछ। सुनाइ शिक्षणमा वर्णविन्यास र श्रुतिलेखनमा बढी अभ्यास गराउनु पर्दछ। जसले गर्दा त्रुटि कम गर्न सकिन्छ। पहिलो भाषा शिक्षणमा लेखाइ सीप प्राप्त गरेकाले दोस्रो भाषा शिक्षणमा केही सजिलो भएको पाइन्छ। यसो भए तापनि भाषाका चारै सीपको विकास गराउने उद्देश्य साथ शिक्षण गर्नुपर्दछ। दोस्रो भाषा शिक्षण गराउँदा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियाको प्रयोग गर्दा वाक्य सङ्गति बारेमा बढी अभ्यास गराउन आवश्यक छ। यसका लागि दोस्रो भाषा शिक्षण गर्दा शिक्षणले पहिलो मातृभाषासँग दोस्रो भाषामा भएको संरचना र विशेषताहरूका बीच तुलना गरी दुई भाषामा हुने समानता र भिन्नताका बढीभन्दा बढी अभ्यास गराउन अपनाइने विधिहरू तल प्रस्तुत गरिएको छ।

### (क) साहित्यिक पाठ्यक्रम विधि

दोस्रो भाषा शिक्षण विद्यालय जानुभन्दा पहिले नै घरपरिवार तथा छिमेकको वातावरणबाट नै द्विभाषिक बन्ने शिक्षार्थीको पहिलो र दोस्रो भाषा सिकाइको पूर्वापर क्रमिकता वातावरणीय प्रभावकारीको भिन्नता छुट्टयाउन सधैँ सजिलो हुँदैन (अधिकारी, २०६३ : ४१)। दोस्रो भाषा शिक्षण सम्बन्धी अनुसन्धान सन् १९७० बाट सुरु भएको पाइन्छ। यसमा दोस्रो भाषाका सिकारु वक्ताको बोली र भाषाको वाक्य संरचना पक्षको तथ्याङ्कको नमूना लिई दोस्रो भाषा प्राप्तिको सिकाइ क्रम पत्ता लगाउने कामबाट सुरु भएको पाइन्छ (कुक, १९९३ : २५)। नेपालमा भने दोस्रो भाषा शिक्षण गर्न साहित्यिक पाठ्यपुस्तकको पठन पाठनका माध्यमबाट विदेशी भाषाका रूपमा अङ्ग्रेजी सिकाउने चलनबाट सुरु भएको पाइन्छ। हालसम्म पनि यो प्रक्रिया विद्यालय र विश्वविद्यालयमा निरन्तर चलिरहेको छ। यसमा भाषा र साहित्यका माध्यमबाट शिक्षार्थीलाई दोस्रो भाषा सिकाइन्छ। दोस्रो भाषाका रूपमा नेपाली सिक्ने शिक्षार्थीलाई पनि यही विधिद्वारा नै नेपाली भाषा सिकाएको पाइन्छ। नेपाली मातृभाषी र दोस्रो भाषी बीच एउटै कक्षाकोठामा नेपाली भाषा शिक्षण गरिन्छ। यसले गर्दा दोस्रो भाषी विद्यार्थीहरू नेपाली भाषा सिक्ने क्रममा पहिलो भाषी जति सक्षम बन्न सकेको देखिदैन। यसका लागि दोस्रो भाषी शिक्षार्थीहरूलाई बढी अभ्यास गराई पहिलो भाषी जति सक्षम बनाउने अभिप्रायको खोजीमा शिक्षकले लाग्नु पर्ने हुन्छ। दोस्रो भाषी शिक्षार्थीहरू आफ्नो मातृभाषा प्राप्ति पछिमात्र नेपाली शिक्षणमा सहभागी भएका कारणले गर्दा पनि पहिलो भाषीभन्दा कमजोर हुन स्वाभाविक छ। तसर्थ यस शिक्षण विधिमा सुधार ल्याउन भिन्न कक्षाकोठाको व्यवस्थापन र भिन्न पाठ्यक्रम निर्माण गरी दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्नु पर्ने देखिएको छ। दोस्रो भाषी शिक्षार्थीले नेपाली भाषाको उच्चारण, वाक्यगठन, शब्दभण्डार, लिखित रचना, र वर्णविन्यास गर्न सक्ने त्रुटिको पहिचान गरी शिक्षार्थीमा रहेको त्रुटि हटाउन शिक्षकले समयमा नै पहल गर्नु पर्दछ। यसो गर्न सके दोस्रो भाषा रूपमा नेपाली सिक्ने शिक्षार्थीको शिक्षण सिकाइमा सुधार ल्याउन सकिन्छ।

### (ख) व्याकरण अनुवाद विधि

व्याकरण अनुवाद विधि उन्नाइसौँ शताब्दीसम्म प्रचलित रहेको थियो। यस विधिमा दोस्रो भाषाका शब्द अर्थ, व्याकरणका नियम घोकाउने र सम्भिmन लगाउने गरी भाषा शिक्षण गरिन्थ्यो (युले, सन् २००६ : १६५)। भाषाका व्याकरण नियम घोकाउनु र प्रयोग गर्नु एउटै कुरा होइन। त्यसैले यस विधिबाट दैनिक जीवनमा व्यवहार चलाउन उपयोगी भाषा शिक्षण हुन सक्दैन तैपनि परीक्षामा उच्च अङ्क प्राप्तिमा भने यो विधि विद्यार्थीहरूमा सफल भएको पाइन्छ। यो अनुवाद शिक्षण विधि नेपाल र भारतमा लामो समयसम्म चल्यो। यो शिक्षण विधि भाषिक प्रयोग र दोस्रो भाषा शिक्षण सिकाइमा सफल मानिदैन। नेपाली दोस्रो भाषाका रूपमा शिक्षण गर्नका लागि भने भाषिक संसर्ग विधि वा प्रत्यक्ष संवाद वा वार्तालाप गरी दैनिक जीवनमा आउने

व्यवहार उपयोगी भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइका चारै सीपमा दक्षता बनाउन आवश्यक पर्दछ। यसका लागि भिन्नभिन्न भाषिक समुदायका विद्यार्थीहरू बीच संवाद, श्रुतिलेखन, वर्णविन्यास लेखनमा सहभागी गराई दोस्रो भाषाका रूपमा नेपाली सिकाइ शिक्षणमा सुधार ल्याई शिक्षार्थीलाई दोस्रो भाषा नेपालीमा सक्षम बनाउन व्याकरण अनुवाद विधि उपयोगी हुन सक्छ।

### (ग) श्रवणभाषा शिक्षण विधि

दैनिक कार्यकलापको आधाभन्दा बढी समय लिने श्रवण वा सुनाइले शिक्षार्थीको सिकाइ प्रक्रियामा महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ। यो श्रवणभाषा शिक्षण विधि बीसौँ शताब्दीको मध्यमा दोस्रो भाषा सिकाइमा सबभन्दा प्रसिद्धि कमाएको विधि हो। यसमा व्यवस्थित भाषा सिकाइको प्रस्तुतिले गर्दा सहभागीलाई दोस्रो भाषा शिक्षण संरचनाको सिकाइ सरलबाट जटिलक्रममा चलयमान गरी भाषा शिक्षण गरिन्छ। यस विधिमा शिक्षार्थीहरूले सरलबाट जटिलक्रममा भाषा सिक्ने हुनाले दोस्रो भाषाको संरचनामा गहिरिएर पूनः दोहोऱ्याएर अध्ययन गर्न सक्दछ। यस विधिको प्रयोगले शिक्षार्थीहरूलाई दोस्रो भाषाका बानीमा प्रभाव पारी भाषा शिक्षण सफल र प्रयोगात्मक बनाउन सकिन्छ। यसको प्रयोगमा सहभागी सिकारुहरू भाषा प्रयोगशालामा घण्टौं समय बिताउन सक्दछ (युले, सन् २००६ : १६५)। श्रवणभाषा शिक्षणमा लामो समयसम्म गर्दा बोलाइ शिक्षणबाट भने वञ्चित हुनुपर्ने सम्भावना रहन्छ। तसर्थ सुनाइ र बोलाइलाई सँगसँगै शिक्षण गर्ने गरी दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्नु उपयुक्त हुन्छ। दोस्रो भाषाको रूपमा नेपाली भाषा शिक्षण गराउँदा शिक्षार्थीको घर वरिपरीका छिमेकी भाषिक वातावरणले पनि प्रभाव पर्दछ। यसमा समेत शिक्षकले ध्यान दिनु उपयुक्त हुन्छ। दोस्रो भाषा शिक्षणको लागि शिक्षकले कक्षाकोठामा प्रशस्त समय उपलव्ध गराई भाषिक अभ्यास गर्ने अवसर दिनुपर्दछ। नेपाली भाषा पहिलो भाषापछि सिकिने भाषा हुनाले पनि मातृभाषा शिक्षणमा झैं दोस्रो भाषा शिक्षणमा श्रवणभाषा शिक्षणमा केन्द्रित गरी सुनाइ शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ।

### (घ) प्रत्यक्ष विधि

यस प्रकारको भाषा शिक्षण विधिमा शिक्षार्थीको मातृभाषाको मध्यस्त नगरी सिधैँ दोस्रो भाषा शिक्षण गरिन्छ। यसलाई नयाँ पद्धति, सुधारिएको पद्धति, प्राकृतिक पद्धति भनिन्छ। यस विधिमा मौखिक पद्धतिको अभ्यासले भाषा सिकाइन्छ। यसमा शिक्षार्थीले वाक्य सुन्ने अभ्यास गर्ने गरी भाषा सिक्दछ। यसले पुरानो सुगारटाइ पद्धति हटाइ आगमन विधिबाट ध्वनितात्विक आलेखनका सहायता लिई वाक्य र अर्थलाई प्रत्यक्ष सिकाइन्छ (श्रीवास्तव, सन् १९९२ : ९३)। यसमा व्याकरण नियम वा अनुवाद दुवै विधिको स्मरण गर्न आवश्यक मानिदैन। यसले मातृभाषा र दोस्रो भाषा शिक्षणलाई समान मान्दछ। प्रत्यक्ष विधिलाई मनोवैज्ञानिक विधि, स्वाभाविक विधि, ध्वनिवैज्ञानिक विधि, भाषानियन्त्रिण विधि, अनुकरणात्मक विधि र अभ्यास सिद्धान्त विधि यस अन्तर्गत पर्दछ। यसबाट शिक्षार्थीको बानीको व्यवहारमा परिवर्तन ल्याउन अर्थात भाषा सिकाइमा कौसलता प्राप्त गर्न पढाइ र लेखाइमा दक्षता बढाउनु यस विधिको लक्ष्य हो। यही विधिद्वारा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गरी दोस्रो भाषाका रूपमा नेपाली सिकाइमा हुने कमजोरीमा सुधार ल्याई भाषा शिक्षण गर्न प्रत्यक्ष विधि मानिन्छ।

### (ङ) भाषाशास्त्रीय विधि

भाषिक अध्ययनको विकासका साथै भाषाशास्त्रीय पद्धतिको विकास भएको कुरामा विद्वान्हरू सहमत छन्। प्रत्येक भाषाका वाक्य ढाँचाको अभ्यासमा व्यतिरेकी विश्लेषण गरी आधारभूत वाक्यका प्रकार, संरचनात्मक विश्लेषण विधिको प्रयोग गरी मातृभाषाको सापेक्षमा नेपाली दोस्रो भाषा शिक्षण गर्नु नै भाषाशास्त्रीय शिक्षण विधि मानिन्छ। यसको मान्यता अनुसार भाषा बोल्ने कुरा हो लेख्ने कुरा

होइन (बन्धु, २०७३ : ३०३)। भाषा बानीको समुच्चय हो। भाषाशास्त्रीय शिक्षणमा मातृभाषा र दोस्रो भाषाका बीच भएको भिन्नताको अध्ययन गरी दुई भाषा बीचको भिन्नता पहिचान गरिन्छ। यसो गर्न सके दोस्रो भाषा शिक्षण समस्याको क्षेत्रमा भएको भेद पत्ता लगाउन सकिन्छ। भाषा शिक्षणमा भाषाको बोल्ने भेद नै सिकाउनु पर्दछ। भाषा शिक्षणमा लेखाइभन्दा पहिले बोलाइको लागि भाषाका आधारभूत वाक्य संरचना सिकाउन उपयुक्त हुन्छ। भाषाका वाक्य संरचना पक्ष सिकाउँदा भाषा प्रयोगको अभ्यास गराउनु पर्दछ। भाषा सिकाइको अभ्यासले शिक्षार्थीका सिकाइमा निपूर्णता ल्याउन सहयोग गर्दछ। दोस्रो भाषाका रूपमा कक्षाकोठामा नेपाली भाषा शिक्षण गराउँदा बोलाइको शिक्षण अभ्यासमा सबभन्दा बढी जोड दिनुपर्दछ। भाषाशास्त्रीय शिक्षणले वोध अभिव्यक्ति क्षमतामा जति सक्षम बनाउन सकिन्छ त्यति नै भाषा सिकाइ सफल हुन्छ।

### (च) भाषिक अनुभव पद्धति

भाषिक अनुभव पद्धति शिक्षार्थीको अनुभवमा आधारित शिक्षण हो। यो अमेरिकाका केही शिक्षकहरूले प्रयोग गरेको पद्धरूति हो (बन्धु, २०७३ : ३०३)। यस पद्धतिमा शिक्षार्थीहरूका आफ्ना अनुभवलाई आधार मानी उनीहरूका वाक्य र गीतहरू उनीहरूलाई नै पढाइन्छ। यसमा उनीहरूका इच्छा र चाहना व्यक्त हुने हुनाले भाषा शिक्षण सिकाइ पनि रुचिकर हुने गर्दछ। यस पद्धतिमा शिक्षकले भने प्रशस्त मेहनेत गर्नुपर्ने हुन्छ। यस पद्धतिबाट शिक्षण गर्दा शिक्षार्थीमा शब्दभण्डारको अभिवृद्धि क्षमता भने कम हुने सम्भावना हुन सक्छ।

### (छ) वैयक्तिक प्रशिक्षण पद्धति

व्यक्तिको आवश्यकता अनुसार दोस्रो भाषा शिक्षण गरिने पद्धतिलाई वैयक्तिक प्रशिक्षण पद्धति भनिन्छ। यसमा व्यक्तिको आवश्यकता, प्रयोजन, र सीमाका आधारमा शिक्षण गरिन्छ। नेपालमा नेपाली भाषा सरकारी कामकाजको भाषा र शिक्षाको माध्यम भाषा पनि भएकोले दोस्रो भाषाका रूपमा नेपाली शिक्षण अनिवार्य रूपमा सिक्नु पर्दछ। यही भएर वैयक्ति प्रशिक्षण पद्धतिको आधारमा पनि दोस्रो भाषाको रूपमा नेपाली शिक्षण गर्न सकिन्छ। जस्तै : नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा विदेशी विद्यार्थीहरूका लागि यही विधिबाट नेपाली दोस्रो भाषाका रूपमा शिक्षण गरिन्छ। यसमा सानो समूहमा शिक्षण गरिने हुनाले प्रत्येक व्यक्तिको उपलब्धिलाई ध्यान दिन यो शैक्षणिक प्रयोजनका लागि उपयोगी हुन सक्छ। यसमा छोटो समयमा नै प्रतिभाशाली शिक्षार्थीहरूका पहिचान गर्न यस पद्धतिले सहयोग पुऱ्याउन सक्छ। यस पद्धतिबाट दोस्रो भाषा शिक्षणका रूपमा नेपाली शिक्षण गर्न सकिन्छ।

## सारांश

बालकले प्राप्त गरेको पहिलो भाषा मातृभाषा हो। पहिलो भाषापछि बालकले सिकेको जुनसुकै भाषा भएता पनि त्यसलाई दोस्रो भाषा भनिन्छ। दुई वा दुईभन्दा बढी भाषा सिक्ने सामर्थ्य मानव जातिमा मात्र पाइन्छ। मानवले मात्र प्राप्त गरेको भाषा आवश्यकता अनुसार सम्पादन गर्ने सामर्थ्य राख्दछ। दोस्रो भाषाका रूपमा नेपाली सिकाउनु भनेको सामाजिक भूमिकाको निर्वाहका लागि सबैलाई मूलधारमा ल्याई प्रभावकारी तुल्याउनु हो। दोस्रो भाषाका रूपमा नेपाली शिक्षण प्राथमिक, माध्यमिक र उच्च शिक्षाका तहका विभिन्न उद्देश्यको परिपूर्तिका निम्ति सिकाइन्छ। नेपाली भाषा शिक्षा, सञ्चार, प्रशासन वा सरकारी कामकाजको भाषा र आम सम्पर्कको भाषा भएको हुनाले सबै नेपालीले अनिवार्य सिक्नुपर्दछ। नेपाली भाषा नेपालको राष्ट्र भाषा हो। यसैले गर्दा यहाँका राई, लिम्बू, तामाङ, शेर्पा हिन्दी, मैथली भोजपुरी थारू मातृभाषी वक्ताले दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा उच्चारण, शब्दरचना, शब्दभण्डार, वर्णविन्यास आदिमा स्तरीय नेपाली व्याकरण नियम अनुसार शिक्षण गराउनु पर्दछ। दोस्रो भाषा शिक्षणमा मातृभाषाको प्रभाव र बानीले गर्दा गर्ने त्रुटि न्यूनीकरण गरी शुद्ध नेपाली

स्तरीय भाषा शिक्षण गर्नु गराउनु नै यस लेखको प्रमुख उद्देश्यको हो ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषा शिक्षण,* (पाँचौँ संस्करण)काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,* (चौथो संस्करण) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चुडामणि (२०७३), *भाषाविज्ञान, (*नवौँ संस्करण) ललितपुर : साझा प्रकाशनको छापाखाना ।

राष्ट्रिय योजना आयोग (२०६८), *राष्ट्रिय जनगणना,* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग

श्रीवास्तव, रवीन्द्रनाथ (सन् १९९२), *भाषा शिक्षण,* नयाँ दिल्ली : महेश्वरी वाणी प्रकाशन दरियागञ्ज ।

Chaudron, C. (2009), *Second language classrooms.* New Delhi : Cambridge University Press.

Chomsky, N. (1965), 'Formal discussion: the development of grammar in child language,' in Bellugi, N. and Brown, R. (eds), *The aquisition of languag*e. (Lafayette, Ind : Purdue University press).

Cook, V. (1993_, *Linguistics and second language aquisition.*London : The Macmillan press ltd.

Yule, G. (2006), *The study of language* .3rd edition, New Delhi : Cambridge University press.